## मिति २०७५।०८।१३ गते ओमसतिया गाउँ कार्यपालिकाको बैठकबाट भएका निर्णयहरु :

राज नेपाल
प्रमुख प्रशासकिय अधिकृत

<u>निर्णय नं. १ :-</u> गाउँपालिका भित्र कार्यक्षेत्र बनाई कार्य गरिरहेका नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तीय संस्थाहरुलाई देहाय बमोजिमको शुल्क लिई दर्ता गर्ने निर्णय गरियो ।

ओमसतिया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सौराहाटिकर, रुपन्देही
५ नं. प्रदेश नेपाल
२०७३

क वर्गको वित्तिय संस्था :
ख ,, ,, ,, :
ग ,, ,, ,, :
घ ,, ,, :

<u>निर्णय नं. २ :-</u> गाउँपालिकामा करार कर्मचारी व्यवस्थापन गर्ने प्रयोजनका लागि करार व्यवस्थापन कार्यविधी २०७५ पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३ :-</u> गाउँपालिकामा अपाङ्गता परिचयपत्र वितरण कार्य व्यवस्थित गर्न अपाङ्गता परिचय पत्र कार्यविधी २०७५ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४ :-</u> उपभोक्ता समिति गठन प्रक्रियालाई व्यवस्थित एवं संचालित योजनालाई प्रभावकारी बनाउन उपभोक्ता समिति गठन , परिचालन तथा व्यवस्थापन कार्यविधी २०७५ स्वीकृत गरी पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.५ :-</u> वडा नं. ३ नव युवा सांस्कृतिक क्लवद्धारा संचालन गरिएको आँखा शिविरमा औषधी खरिद गरे वापत खच भएको रु. २१०००।- भूक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं. ६ :-</u> क) गाउँपालिका स्तरीय एवं खुला अध्यक्ष कप खेलकुद प्रतियोगिता संचालन गर्न निर्णय गरियो उक्त प्रतियोगितामा भलिबल, फुटवल, क्रिकेट र कुश्ती दंगल खेल संचालन गर्ने निर्णय गरियो ।

ख) ओमसतिया गाउँपालिका भित्र विद्युत पोल विस्तार गर्ने प्रयोजनका लागि विद्युतीय पोल गाड्न पर्ने भएको हुनाले प्रति पोल रु. १५००।- नियमानुसार कर कट्टी गरी ) का दरले विद्युतीकरण शिर्षकबाट खर्च गरी गडाउने निर्णय गरियो ।

ग) जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम संचालन गर्ने निर्णय गरियो । सो सम्मान कार्यक्रम प्रत्येक वडामा संचालन गर्ने एवं जेष्ठ नागरिकलाई कम्वल वितरण गर्ने समेत निर्णय गरियो । सो कार्य गर्नका लागि मकबुल धुनियाको संयोजकत्वमा ६ सदस्यीय समिति गठन गर्ने निर्णय समेत गरियो ।

घ) वडा नं. ६ मा स्थापित एवं संचालित प्रगतिशील किशोरी अधिकार मञ्चद्धारा बाल दिवस मनाउने प्रयोजन खर्च भएको रकम १५०००।- (पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

ङ) BAS रुपन्देहीबाट ओमसतिया गा.पा. वडा नं. २ मा संचालन गरिएको अण्डर २० फुटवल कार्यक्रमलाई रु. ३००००।- (तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

च) वडा नं. ६ को स्वास्थ्य चौकीमा संचालन गर्ने भनिएको ल्याव आउदो मंसिर २३ गते देखि संचालन गर्ने निर्णय साथै उक्त सेवा संचालन गर्न आवश्यक जुनियर ल्याव टेक्निशियन एक जना र एक जना कार्यालय सहयोगी ज्यालादारीमा राख्ने समेत निर्णय गरियो ।